२०७३ साल माघ २७ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

(क) शान्ति तथा पुनर्निर्माण मन्त्रालय— बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य- निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा घ८ को उपदफा (२) बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको म्याद समाप्त भएको मिति देखि १ (एक) वर्ष थप गर्ने ।

(ख) शान्ति तथा पुनर्निर्माण मन्त्रालय— बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य- निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा घ८ को उपदफा (२) बमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि म्याद समाप्त भएको मिति देखि १ (एक) वर्ष थप गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७३ साल माघ २० गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली विषयको प्रस्ताव प्रस्तावसाथ संलग्न सूचकहरूमा ५० घण्टा अतिरिक्त समय काम गरे वापत ५० प्रतिशत अङ्कभार कायम गरी मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२. अर्थ मन्त्रालय— बुटवल धागो कारखाना लि. र वीरगंज चिनी कारखाना लि. Lease Modality का आधारमा संचालन गर्न निजीकरण ऐन, २०५० को दफा ६ तथा दफा ८ (घ) अनुरुप प्रतिष्ठानको सम्पत्ति प्रतिस्पर्धामा भाडामा दिने प्रयोजनका लागी नेपाल राजपत्रमा सुचना प्रकाशन गर्ने ।

३. आपुर्ति मन्त्रालय— नेपाल भर पेट्रोल, डिजल, मट्टितेल, एल.पी.ग्यास, हवाई इन्धन लगायतका अन्य पेट्रोलियम पदार्थहरुको आयात, भण्डारण र बिक्री बितरणको कारोवारलाई निरन्तरता प्रदान गर्न नेपाल आयल निगम लिमिटेडलाई तोक्ने ।

४. उद्योग मन्त्रालय— औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ३५ को उपदफा (३) बमोजिम एकल विन्दु सेवा संचालन समिति गठन गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने।

५. उद्योग मन्त्रालय— औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको जग्गा घरेलु तथा साना उद्योग विकास समितिलाई हस्तान्तरण गर्ने ।

६. उद्योग मन्त्रालय— महिला उद्यमशीलता विकास कोष (संचालन) (दोश्रो संशोधन) कार्यविधि २०७३, स्वीकृत गर्ने।

७. उद्योग मन्त्रालय— लगानी प्रवर्द्धन सम्मेलन, २०७३ को बजेट र खर्चको मापदण्ड स्वीकृत गर्ने।

८. उद्योग मन्त्रालय— लगानी प्रवर्द्धन सम्मेलन, २०७३ उच्चस्तरीय निर्देशक समिति र कार्यान्वयन समितिको गठन तथा कार्यादेश स्वीकृत गर्ने।

९. गृह मन्त्रालय— जापानी नागरिक Mr. Kiyoshi Yoshi लाई २(दुई) वर्ष पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

१०. गृह मन्त्रालय— पूर्व पदाधिकारीलाई सुविधा प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई व्यवस्थापिका-संसद समक्ष पेश गर्न स्वीकृति दिने।

११. गृह मन्त्रालय— पूर्व राष्ट्रपतिलाई सुविधा उपलब्ध गराउन स्वीकृत दिने ।

१२. गृह मन्त्रालय— सर्लाही जिल्लाका माननीय महेन्द्र राय यादवलाई रु.१५,००००००।- र रमेश शाहलाई रु. ८,५०,०००। आर्थिक सहायता उपलब्ध गराउने ।

१३. परराष्ट्र मन्त्रालय— सहसचिव श्री रवि भट्टराईलाई नेपाली महावाणिज्यदूतावास, ग्वान्जाउको महावाणिज्यदूत पदमा नियुक्ति गर्ने।

१४. पशुपन्छी विकास मन्त्रालय— पशु बधशाला र मासु जाँच एन, २०५५ लाइ संशोधन गर्न बनेको विधेयक व्यवस्थापीका संसद समक्ष पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— काठमाण्डौ निजगढ द्रुत मार्गलाई नेपाल सरकारले नै सार्वजनिक सडक (द्रुतमार्ग) (Public Road/Expressway-Fast Tract) को रुपमा निर्माण गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित समितिको म्याद १५ दिन थप गर्ने ।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— अष्ट्रेलियाको ब्रिस्वेन र सिंगापुरको मास ट्रान्सपोर्ट व्यवस्था सम्बन्धी अध्ययन भ्रमण टोलीको नेतृत्व गर्दै सो कार्यक्रममा सहभागी हुन जान भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री धन बहादुर तामाङ समेतको टोलीलाई स्वीकृति प्रदान गर्ने

१७. वन तथा भू-संरक्षण मन्त्रालय— नयाँ पुल डाडाँखर्क-पवटी-सडक आयोजनाको स्तरोन्नतिका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न र रूखबिरूवाहरू हटाउन स्वीकृति दिने ।

१८. वन तथा भू-संरक्षण मन्त्रालय— तनहुँ जिल्लाको ४२५ हेक्टर वन लगायतको क्षेत्रमा प्राणी उद्यान स्थापना गर्ने ।

१९. शिक्षा मन्त्रालय— शिक्षा मन्त्रालय अन्तर्गत जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको प्रवन्ध सञ्चालक पदको नियुक्ति वा मनोनयन सम्बन्धी मापदण्ड, २०७३ स्वीकृत गर्ने ।

२०. शिक्षा मन्त्रालय— जनक शिक्षा सामग्री केन्द्र लि., मा रिक्त रहेको प्रवन्ध सञ्चालक पदमा कञ्चनवारी विराटनगर ६, मोरङ्ग निवासी श्री महेश प्रसाद तिमिल्सेनालाई कार्यसम्पादन सम्झौता गरी नियुक्त गर्न सञ्चालक समितिलाई निर्देशन दिने।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— तारागाउँ विकास समितिको स्वामित्वमा रहेको रमागृह भवन लिजमा दिने ।

२२. मामिला तथा स्थानीय विकास मन्त्रालय— गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगलाई नेपाल सरकारले निर्धारण गरेको मापदण्ड दृष्टिगत गरी प्राप्त गुनासाहरू अध्ययन गरी १५ दिनभित्र नेपाल सरकार, मन्त्रिपरिषद्मा सुझाव पेश गर्न देहायबमोजिमको समिति गठन गर्ने —

१. मा. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री श्री हितराज पाण्डे — संयोजक
२. मा. आपूर्ति मन्त्री श्री दीपक बोहरा — सदस्य
३. मा. उद्योग मन्त्री श्री नवीन्द्रराज जोशी — सदस्य

उक्त समितिको सचिवको रूपमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव रहने ।

२३. मामिला तथा स्थानीय विकास मन्त्रालय— अन्तर्राष्ट्रिय दलित सम्मेलनमा सहभागी दलित प्रतिनिधिमण्डललाई आर्थिक सहायता उपलब्ध गराउने ।

२४. सामान्य प्रशासन मन्त्रालय— स्वास्थ्य मन्त्रालय अन्तर्गतका छ वटा अस्पताल तथा दुई वटा स्वास्थ्य केन्द्रको स्तरउन्नति र एक वटा नयाँ प्राथमिक स्वास्थ्य केन्द्र स्थापनार्थ प्रस्तावित सङ्गठन संरचना र दरवन्दी तेरिज स्वीकृति गर्ने ।

२५. निजामती किताबखानामा कार्यरत कर्मचारीहरुलाई शुरु तलव स्केलको ५०% (पचास प्रतिशत) नबढ्ने गरी आ.व. २०७३/७४ को लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलव्ध गराउने ।

२६. सामान्य प्रशासन मन्त्रालय— सहसचिव श्री याम कुमारी खतिवडालाई पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, पोखराको क्षेत्रीय प्रशासक पदमा कायम मुकायम मुकरर गर्ने ।

२७. सूचना तथा सञ्चार मन्त्रालय— स्पेनको बार्सिलोनामा आयोजना हुने GSMA Mobile World Congress मा भागलिन सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरुङ्गलाई स्वीकृति दिने ।

२८. सूचना तथा सञ्चार मन्त्रालय— माननीय सूचना तथा सञ्चार मन्त्रीको स्पेन तथा क्युवा भ्रमण स्वीकृत गर्ने।

२९. स्वास्थ्य मन्त्रालय— सामुदायिक अस्पतालहरुलाई अनुदान दिने सम्बन्धी (प्रथम संशोधन) निर्देशिका, २०७३ स्वीकृत गर्ने ।

३०. निर्वाचन सम्बन्धी कानुनहरू निर्माण भइसकेकोले स्थानीय निर्वाचनको लागि आवश्यक तयारी गर्न निर्वाचन आयोगलाई अनुरोध गर्ने ।

३१. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री शिशिरकुमार ढुंगानालाई बढुवा गरी सुदूरपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, दिपायलको क्षेत्रीय प्रशासक पदमा पदस्थापन गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७३ साल माघ १४ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणका कर्मचारीहरूलाई २०७३ कात्तिक १० गतेदेखि शुरू तलबको ५०% (पचास प्रतिशत) मा नबढ्ने गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउन स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— गरिवी निवारण कोष ऐन, २०६३ को दफा १२ बमोजिम राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको संयोजकत्वमा नेपाल सरकारका मुख्यसचिव र विज्ञ सदस्यमा त्रिभुवन विश्वविद्यालयका पूर्व रेक्टर प्राध्यापक डा. महेन्द्र सिंहलाई तोकी छनौट समिति गठन गर्ने ।

३. अर्थ मन्त्रालय— एन. आई. डि. सी. डेभलपमेण्ट बैंकलाई राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा गाभ्ने प्रक्रिया अघि बढाउन अर्थ मन्त्रालयलाई सैद्धान्तिक सहमति दिने ।

४. अर्थ मन्त्रालय— नेपाल सरकारको तर्फबाट हुने भुक्तानी मध्ये हालसम्म A/C Payee चेक मार्फत भएको सबै भुक्तानी सोझै बैंक खातामा जम्मा हुने व्यवस्थाका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौं भुक्तानी केन्द्र नं. ४ सिंहदरबारबाट नमुना (Piloting) को रूपमा शुरु गर्ने । शुरुमा फर्म, कम्पनी वा संस्थालाई गरिने भुक्तानी अनिवार्य रूपमा र क्रमशः व्यक्तिलाई गरिने भुक्तानी समेत सोझै बैंक खातामा जम्मा हुने व्यवस्था गर्ने । नेपाल सरकारको तर्फबाट गरिने भुक्तानी पाउनको लागि नेपाल क्लियरिङ हाउस लिमिटेडले सञ्चालनमा ल्याएको Inter Bank Payment System को सदस्य भएको बैंक तथा वित्तीय संस्थामा बैंक खाता हुनु पर्ने ।

५. उद्योग मन्त्रालय— औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा २ को खण्ड (ख) बमोजिम उद्योग दर्ता गर्ने निकाय तोक्न ।

६. उद्योग मन्त्रालय— दैजी औद्योगिक क्षेत्र, कञ्चनपुरको लागि थप जग्गा सहित चारकिल्ला सिमाना बृद्धि गर्ने।

७. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

८. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— कानून किताव (व्यवस्था र वितरण) (पाँचौ संशोधन) आदेश, २०७३ र केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन)(पहिलो संशोधन) आदेश, २०७३ को मस्यौदा स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

९. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका–संसदमा पेश

गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१०. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— कानून व्यवसायी प्रतिष्ठान सम्बन्धी विधेयक तर्जुमा गर्ने सैद्धान्तिक स्वीकृति दिने ।

११. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाल न्याय सेवा, न्याय समूह राजपत्रांकित प्रथम श्रेणीका महेन्द्रनाथ उपाध्यायसमेतको सरुवा गर्ने ।

१२. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— वैदेशिक रोजगार न्यायाधिकरणको सदस्यमा महान्यायाधिवक्ता कार्यालयका सह न्यायाधिवक्ता श्री कृष्णजिवि घिमिरेलाई तोक्ने ।

१३. गृह मन्त्रालय— फिनलेण्डका नागरिक Bifeldt Patrik Paul Gustav लाई ३(तीन) वर्ष पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

१४. गृह मन्त्रालय— प्रकोप पीडित उद्धार र राहत सम्बन्धी (पाँचौ संशोधन) मापदण्ड, २०६४ स्वीकृत गर्ने।

१५. गृह मन्त्रालय— जर्मन नागरिक Klein Alejandro लाई ३(तीन) वर्ष पुनः नेपाल प्रवेश गर्न नपाउने गरी नेपाल बाहिर निष्काशन गर्न स्वीकृति दिने ।

१६. गृह मन्त्रालय— रौतहटका सियाराम साह गुप्तालाई रु. ८४,१३०।- र मिनभवन औषधी पसल प्रा.लि. काठमाण्डौलाई रु.४,८२,६७५।- उपलब्ध गराउने ।

१७. गृह मन्त्रालय— प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद नयाँदिल्लीमा सम्पन्न हुने 7th National Voters Day समारोहमा भाग लिन जान स्वीकृति दिने ।

१८. गृह मन्त्रालय— उच्चस्तरीय टोलीलाई अध्ययन भ्रमणमा जान स्वीकृति दिने ।

१९. गृह मन्त्रालय— राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक नेतृत्वको प्रतिनिधि मण्डलको भारत भ्रमण कार्यक्रम स्वीकृत गर्ने ।

२०. जनसङ्ख्या तथा वातावरण मन्त्रालय— वातावरण संरक्षण परिषद्को गठन गर्ने ।

२१. परराष्ट्र मन्त्रालय— किगाली सिद्धान्तहरुलाई नेपालले समर्थन गर्ने ।

२२. परराष्ट्र मन्त्रालय— विमस्टेकको Senior Officials' Meeting काठमाडौंमा आयोजना गर्ने।

२३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— मुस्ताङ्ग जिल्ला लोमान्थाङ गाउँ विकास समितिस्थित थुर्लुङ र छोन्हुप गाउँ विकास समितिमा नाप नक्सा गर्ने सम्वन्धी समिति गठन आदेश, २०७३" स्वीकृत गर्ने ।

२४. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— नवलपरासी जिल्ला, नयाँ वेलहानी तमासपुरका बसोवासीहरुको जग्गा दर्ता समिति गठन (पहिलो संशोधन) आदेश, २०७३ स्वीकृति गर्ने ।

२५. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— रुपन्देही जिल्ला, साविक सिद्धार्थनगर नगरपालिका वडा नं. ५ को दक्षिणी किनारामा बाटोको संकेत रहेको गाउँ ब्लक जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७३ स्वीकृत गर्ने।

२६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— लाओसको भियन्टाइनमा आयोजना हुने एशियाका लागि दिगो वातावरणीय यातायात सम्बन्धी क्षेत्रीय फोरममा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रमेश लेखकलाई सहभागी हुन जान स्वीकृति प्रदान गर्ने ।

२७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— राजपत्राङ्कित अधिकृत स्तरको अस्थायी दरवन्दी सिर्जना गर्ने।

२८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— सडक विभाग अन्तर्गतका आयोजनाहरुको आर्थिक वर्ष २०७३।०७४ को लागि स्वीकृत अस्थायी पदहरुमा इन्जिनियर बढिमा ८२ जना र सव इन्जिनियर बढिमा १२२ जना कन्टीजेन्सी रकमबाट खर्च व्यहोर्ने गरी सेवा करार गरेर काममा लगाउन स्वीकृति दिने ।यस्तो कन्टीजेन्सी खर्च आर्थिक वर्षको अन्तमा अयोजनाले सार्वजनिक समेत गर्ने ।

२९. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय— समाज कल्याण परिषदमा रिक्त भएको पदाधिकारी पदमा गोकर्ण प्रकाश भट्टलाई मनोनयन गर्ने।

३०. रक्षा मन्त्रालय— प्रमुख सेनानी अजय राई समेत ३ जना प्रमुख सेनानीहरुलाई महा सेनानी दर्जामा पदोन्नति गर्ने।

३१. रक्षा मन्त्रालय— प्राविधिक महा सेनानी डा.पंकज चन्दलाई पदोन्नति गर्ने ।

३२. वाणिज्य मन्त्रालय— बंगलादेशको राजधानी ढाकामा आयोजना हुने Asia Pacific Business Forum मा माननीय वाणिज्य मन्त्री श्री रोमी गौचन थकालीले भाग लिने ।

३३. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को क्रममा घाइते भएका कटौजपानी–२, बैतडीका श्री चन्द्रबहादुर भाटलाई ५० प्रतिशत अपाङ्गता प्रतिशत भएकोले पाएसरहको आर्थिक सहायता र सुविधा उपलब्ध गराउन स्वीकृति दिने।

३४. शिक्षा मन्त्रालय— अष्ट्रियन नागरिक रेविका माकजु श्रेष्ठलाई नो अब्जेक्सन लेटर प्रदान गर्न शिक्षा मन्त्रालयलाई निर्देशन दिने ।

३५. शिक्षा मन्त्रालय— नेपाल राष्ट्रिय इन्जिनियरिङ्ग तथा प्रविधि प्रतिष्ठानको विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति तथा गठन आदेश जारी गर्ने ।

३६. शिक्षा मन्त्रालय— न्यायिक समिति गठन गर्ने ।

३७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— कम्बोडियामा हुने The Importance of Holistic Interventions Conference मा भाषा आयोगका अध्यक्ष डा. लवदेव अवस्थीलाई सहभागी हुन स्वीकृति दिने ।

३८. सहरी विकास मन्त्रालय— कार्यालय सहयोगी पद्मा कुमारी रिमाल (घिमिरे) लाई निजामती सेवा ऐन, २०४९ को दफा ३४(क) बमोजिम निवृत्तिभरण हुन नपुग २ वर्ष ३ महिना ७ दिनको सेवा अवधि थप गरी अनिवार्य अवकास दिने ।

३९. सामान्य प्रशासन मन्त्रालय— कर्मचारी प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा शैलेन्द्र गिरी नियुक्ति गर्ने ।

४०. सामान्य प्रशासन मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव गंगालाल गेलालसमेतको सरूवा गर्ने ।

४१. सूचना तथा सञ्चार मन्त्रालय— सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध निकायका अध्यक्ष, सदस्य र पदाधिकारीको नियुक्ति र मनोनयन (दोश्रो संशोधन) मापदण्ड, २०७३ स्वीकृत गर्ने ।

४२. सूचना तथा सञ्चार मन्त्रालय— नेपाल टेलिभिजनको अध्यक्षलाई कार्यकारी अध्यक्षको रूपमा काम गर्ने गरी तोक्ने।

४३. स्वास्थ्य मन्त्रालय— श्रीलंकाको कोलोम्बोमा हुने 2nd Global Consultation on Migrant Health कार्यक्रममा माननीय स्वाथ्यमन्त्री गगन कुमार थापालाई पठाउने |

४४. स्वास्थ्य मन्त्रालय— प्रमुख कन्सल्टेण्ट जनरल फिजिसियन (एघारौं तह) डा.मुकुन्द प्रसाद आचार्यको राजीनामा स्वीकृत गर्ने ।

४५. नेपाल न्याय सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतलाई न्याय सेवा आयोगबाट समर्थन लिने गरी देहायबमोजिम सरुवा गर्ने —

क्र.सं.	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
१.	श्री कमलशाली घिमिरे	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
२.	श्री राजीव गौतम	सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

४६. निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

क्र.सं.	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
१.	श्री विनोद के.सी.	क्षेत्रीय प्रशासक, मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, हेटौंडा	कार्यालय प्रमुख, सार्वजनिक खरिद अनुगमन कार्यालय
२.	श्री खगराज बराल	क्षेत्रीय प्रशासक, पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, पोखरा	सचिव, राष्ट्रिय सूचना आयोग

४७. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्किकत विशिष्ट श्रेणीको पदमा सहसचिव श्री शम्भु कोइरालालाई बढुवा गरी मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, हेटौंडाको क्षेत्रीय प्रशासक पदमा पदस्थापन गर्ने।

४८. नेपाल कृषि तथा वन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा राजपत्राङ्कित प्रथम श्रेणीका श्री प्रकाश माथेमालाई बढुवा गरी वन तथा भू-संरक्षण मन्त्रालयमा पदस्थापन गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७३ साल माघ ६ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय— विश्व बैंकबाट Strengthening Systems for Social Protection and Civil Registration Project को लागि प्राप्त हुने १५० मिलियन अमेरिकी डलर (करीव रु १६ अर्ब ३७ करोड १६ लाख) बराबरको ऋण सहायता स्वीकार गर्ने ।

२. अर्थ मन्त्रालय— वस्तु विनिमय बजारका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ व्यवस्थापिका संसद समक्ष प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— कृषि सामाग्री कम्पनीको जग्गा अर्घाखाँची जिल्ला अदालतले खरिद गर्ने स्वीकृति दिने ।

४. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत सरकारी वकील तथा अन्य कर्मचारीहरुलाई शुरु तलवको ५०% सम्म आर्थिक वर्ष २०७३।०७४ को लागि कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलव्ध गराउने ।

५. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— प्रशासकीय अदालत नियमावली,२०५१ बमोजिम सामान्य प्रशासन मन्त्रालयका सचिव श्री पूर्णचन्द्र भट्टराईलाई प्रशासकीय अदालतको सदस्यमा तोक्ने ।

(क) प्रशासकीय अदालतको सदस्य तोक्ने विषयको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको नं. ६/५१-०७३/१०/५ को प्रस्ताव — प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

(ख) कायम मुकायम मुकरर गर्ने (चिरन्जीवी खनाल) विषयको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको नं. ६/५२-०७३/१०/६ को प्रस्ताव — प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

(ग) नेपाल न्याय सेवाको विशिष्ट श्रेणीमा बढुवा तथा पदस्थापन (किरण पौडेलसमेत) विषयको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको नं. ६/५३-०७३/१०/६ को प्रस्ताव — प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाल कानून आयोगको सचिव पदमा सहसचिव श्री चिरन्जीवी खनाललाई कायम मुकायम मुकरर गर्ने ।

७. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— न्याय सेवा आयोगको सिफारिस बमोजिम नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको देहायको पदमा देहाय बमोजिम नियुक्ति एवं पदस्थापन गर्नेः-

क) सहन्यायाधिवक्ता श्री किरण पौडेललाई महान्यायाधिवक्ता कार्यालयको नायव महान्यायाधिवक्ता पदमा

ख) सहरजिष्ट्रार श्री नहकुल सुवेदीलाई न्याय परिषद्को सचिव पदमा

ग) सहरजिष्ट्रार श्री नृपध्वज निरौलालाई सर्वोच्च अदालतको रजिष्ट्रार पदमा

घ) सहसचिव श्री राजीव गौतमलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव पदमा

ङ) सहन्यायाधिवक्ता श्री राजन प्रसाद भट्टराईलाई वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सचिव पदमा

८. कृषि विकास मन्त्रालय— राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ संशोधनसहित स्वीकृति गर्ने ।

९. कृषि विकास मन्त्रालय— जैविक अनुसन्धान केन्द्रको द्विपक्षिय बैठकमा कृषि विकास मन्त्री सहभागी हुने।

१०. कृषि विकास मन्त्रालय— Fortieth Session of the Governing Council मा कृषि विकास मन्त्रालयका सचिव सहभागी हुने ।

११. गृह मन्त्रालय— मृतक तेजनाथ अधिकारीकी पत्नी विराटनगर - ५ मोरङकी अल्पना अधिकारीलाई रु.५,००,०००। र अङ्गभङ्ग भएकी जुनु ढकाललाई रु. २,०१,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

१२. गृह मन्त्रालय— माननीय मनमोहन भट्टराईलाई रू.१५,००००००।- आर्थिक सहायता उपलब्ध गराउने।

१३. युवा तथा खेलकुद मन्त्रालय— संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषदको आयोजनामा हुने The Role of Youth in Poverty Eradication and Promoting Prosperity in a Changing World नामक Youth Forum मा माननीय युवा तथा खेलकुद मन्त्री श्री दलजीत वि.के. श्रीपालीको नेतृत्वमा सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

१४. रक्षा मन्त्रालय— प्राविधिक प्रमुख सेनानी खुम बहादुर कुँवरलाई प्राविधिक महा सेनानी दर्जामा पदोन्नति गर्ने ।

१५. वन तथा भूसंरक्षण मन्त्रालय— ढाप बाँध निर्माणका लागि शिवपुरी नागार्जुन राष्ट्रिय निकुन्जको सरकारी जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१६. वन तथा भूसंरक्षण मन्त्रालय— कोशीटप्पू वन्यजन्तु आरक्ष विस्तारमा परेका नम्बरी जग्गाहरूको जाँचबुझ गरी सट्टाभर्ना दिन सिफारिस गर्ने कार्यदल गठन गर्ने ।

१७. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— द्वन्द्व प्रभावित घटनाका पीडितहरूले नेपाल सरकारबाट यसपूर्व सुविधा लिए नलिएको एकिन गरी दोहोरो नपर्ने गरी प्रतिवेदनसमेत पेश गर्ने गरी द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनामा भएको क्षतिको विवरण छानविन एवं परीक्षण सम्बन्धी कार्यदल गठन आदेश, २०७३ स्वीकृत गर्ने।

१८. श्रम तथा रोजगार मन्त्रालय— वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८१ उपदफा (१) बमोजिमको नेपाल सरकारमा निहित भएको अधिकारहरू श्रम तथा रोजगार मन्त्रालयलाई प्रत्यायोजन गर्ने।

१९. सहरी विकास मन्त्रालय— बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण (पहिलो संशोधन) मापदण्ड, २०७३ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको राय सुझावसमेत समावेश गर्ने गरी स्वीकृत गर्ने ।

२०. सहरी विकास मन्त्रालय— २०७१ सालको बाढी पहिरोबाट क्षतिग्रस्त भएका बाँके, बर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७३ स्वीकृत गर्ने।

२१. सहरी विकास मन्त्रालय— अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३ स्वीकृत गर्ने ।

२२. सामान्य प्रशासन मन्त्रालय— दुबईमा आयोजना हुने World Governments Summit मा सामान्य प्रशासनमन्त्री माननीय श्री केशवकुमार बुढाथोकीको सहभागिताका लागि स्वीकृती दिने।

२३. सामान्य प्रशासन मन्त्रालय— अहेब, चौथो तहका श्री दिनेशकुमार चौधरीलाई Renal Allograft Recipient लागी थप आर्थिक सहायता बापत उपचार खर्च रू. ५,००,०००।– दिने ।

२४. सामान्य प्रशासन मन्त्रालय— शाखा अधिकृत श्री चोलानाथ रेग्मीलाई Pseudomyxoma Peritonei, Low grade भएकोले थप आर्थिक सहायता बापत उपचार खर्च रु. ५,००,०००/- दिने ।

२५. सामान्य प्रशासन मन्त्रालय— वातावरण विभागको दरवन्दी र सङ्गठन संरचना स्वीकृति गर्ने ।

२६. सूचना तथा सञ्चार मन्त्रालय— नेपाल सरकार (मन्त्रिपरिषद्)मा निहित रेडियो ऐन, २०१४ को दफा ६ बमोजिमको सजाय गर्ने अधिकार सूचना तथा सञ्चार मन्त्रालय मन्त्रालयका सचिवलाई र दूरसञ्चार ऐन, २०५३ को दफा ३५ बमोजिमको अधिकार सूचना तथा सञ्चार मन्त्रालयले तोकेको अधिकारीलाई प्रत्यायोजन गर्ने ।

२७. सूचना तथा सञ्चार मन्त्रालय— रेडियो प्रसार सेवा समिति (रेडियो नेपाल) को कार्यकारी निर्देशक पदमा श्री सुरेशकुमार कार्कीलाई नियुक्त गर्ने ।

२८. सूचना तथा सञ्चार मन्त्रालय— नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त हुने सदस्य नियुक्तिको लागि सिफारिस गर्न समिति गठन गर्ने ।

२९. स्वास्थ्य मन्त्रालय— सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) गर्ने ऐन, २०६८ को दफा ११(६) बमोजिम इजाजत पत्र लिनुपर्ने व्यवस्थाको कार्यान्वयन गर्न स्वीकृति प्रदान गर्ने ।

३०. स्वास्थ्य मन्त्रालय— राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापनाका लागि सैद्धान्तिक सहमति विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३१. स्वास्थ्य मन्त्रालय— स्वास्थ्य मन्त्रालय मातहतका निकायमा कार्यरत चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीले पालना गर्नुपर्ने सेवा शर्त र सुविधा सम्बन्धी कार्यविधि, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३२. नेपाल कृषि तथा वन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा राजपत्राङ्कित प्रथम श्रेणीका श्री युवकध्वज जि.सी.लाई बढुवा गरी पशुपंक्षी विकास मन्त्रालयमा पदस्थापन गर्ने ।

३३. सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव श्री रमेशकुमार शर्मा उमेरको हदको कारणबाट मिति २०७३।१०।१२ देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

३४. संयुक्त राष्ट्र संघको स्थायी प्रतिनिधि श्री दुर्गाप्रसाद भट्टराई पदावधिको कारणबाट मिति २०७३।१०।३ देखि अनिवार्य अवकास प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।